सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ७ अङ्क १० असोज १२ आईतबार

# दशैंको शुभकामना



दशैं केवल पर्व होइन, हाम्रो जीवनशैली, संस्कार र मूल्यहरूको प्रतिविम्ब हो। असत्यमाथि सत्यको जित, अन्यायमाथि न्यायको विजय र अन्धकारमाथि उज्यालोको प्रस्फुटनका रूपमा यो पर्व पुस्तौंदेखि निरन्तर हाम्रो घर–आँगनमा भित्रिने गरेको छ। आज हामी आधुनिकतासँगै संसारका कुनाकाप्चामा पुगेका छौं। प्रवासमा रहेका नेपालीदेखि गाउँघरमा बसेका आमाबुबा,दाजुभाइ, दिदीबहिनी सबैले दशैंलाई आफ्नै ढङ्गले मनाइरहेका छन्। कतै शहरमा नयाँ लुगा किनेर टिका लगाउने तयारी भइरहेको छ भने कतै गाउँमा रागा काटेर सामूहिक भोज गर्ने तयारी छ। तर यसको मूल सन्देश भने उही छ। एकता, मेलमिलाप र आपसी सद्भाव।

दशैंले मात्र परिवारभित्रको सम्बन्धलाई बलियो बनाउँदैन, समाजलाई समेत एक सूत्रमा गाँस्छ। हामीलाई फरक देखाउने जात, भाषा, धर्म वा क्षेत्रगत भिन्नतालाई छाडेर एक आपसमा आत्मीय बन्ने अवसर दिन्छ। यही मेलमिलापको सूत्रलाई जीवनमा उतार्न सके भने हाम्रो समाज अझ शान्त, सुसंस्कृत र समृद्ध बन्नेछ। तर, यस पर्वको वास्तविकता के हो भने अझै पनि धेरै परिवारका घरमा चाडको रमझमभन्दा बढी आर्थिक बोझ छ। ऋणधन गरेर भए पनि दशैं मनाउन बाध्य गरिब परिवारहरू छन्। कतिपय युवाहरू रोजगारीको श्रृङ्खलामा विदेशमा छन्, जसका कारण आमाबाबा अझै एक्लोपनको पीडा भोगिरहेका छन्। त्यसैले, विजयादशमीलाई केवल रमाइलो र भोज–भतेरमा सीमित नगरी यसको सन्देशलाई आत्मसात् गर्न जरुरी छ। सत्य, धर्म र सदाचारलाई जीवनमा उतार्ने संकल्प गर्नु, असमानता र अन्यायविरुद्ध आवाज उठाउने साहस देखाउनु, र समाजलाई अझै न्यायपूर्ण र समानताको बाटोमा अघि बढाउन योगदान गर्नु यही दशैंको वास्तविक महत्व हो।

अन्ततः विजयादशमी केवल धार्मिक अनुष्ठानको पर्व मात्र होइन, सत्य, धर्म र सदाचारको जितको प्रतीक हो। यसले परिवारबीचको आत्मीयता, समाजभित्रको सहिष्णुता र राष्ट्रभरि एकताको भावना जगाउने अवसर दिन्छ। तर, यससँगै हाम्रो कर्तव्य भनेको आर्थिक असमानता, सामाजिक अन्याय र विभाजनकारी प्रवृत्तिलाई हटाउँदै न्यायपूर्ण र समानतामूलक समाज बनाउन लागिपर्नु हो। हामी सबैले दशैंलाई भोज–भतेर वा औपचारिकतामा मात्र सीमित नगरी यसको मूल संदेश आत्मसात् गर्दै व्यवहारमा उतार्न सके मात्र यो पर्व सार्थक हुनेछ। यसै शुभकामना सहित, सम्पूर्ण पाठकवृन्दलाई यस वर्षको विजयादशमीले शान्ति, स्वास्थ्य र समृद्धि ल्याओस् भन्ने हार्दिक मंगलकामना।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# वर्षाले अवरुद्ध ग्रामीण सडक सुचारु




***भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ वर्षाले अवरुद्ध सडक खुलाउन प्राविधिक टोली र जेसिभीसहित फिल्डमा खटिँदै ।***

❖ *बालाराम शेर्पाली*

निरन्तर वर्षाका कारण अवरुद्ध भएका ग्रामीण सडक धमाधम सुचारु गरिँदै छन्। भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ स्वयं प्राविधिक टोली र जेसिभीसहित फिल्डमा खटिएर सडक सञ्चालन गराइरहनु भएको छ। गाउँपालिकाको केन्द्रदेखि टाढा रहेका दुर्गम बस्तीमा सडक पुगे पनि वर्षायाम लागेसँगै आवतजावत अवरुद्ध हुने समस्या दोहोरिँदै आएको छ। यस वर्ष पनि बाढी र पहिरोका कारण सडक यातायात ठप्प भएपछि स्थानीयवासीलाई सामान ढुवानीदेखि दैनिक आवतजावतमा ठूलो समस्या भएको थियो। नागरिकलाई असुविधा नहोस्, गुनासो नआओस् भन्ने उद्देश्यले सडक तत्काल सञ्चालनमा ल्याइएको हो। अध्यक्ष श्रेष्ठले अन्वेषण खबर संग कुराकानी गर्दै भन्नुभयो। गाउँपालिकाको प्राविधिक टोली र मेसिनरीसहितको टोलीले अहिले

गाउँपालिकाको ९ वटै वडाभित्रका सडक मर्मत तथा सञ्चालनको काम भई रहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

स्थानीयवासीले तत्कालै सडक सुचारु भएपछि राहतको अनुभव गरेको बताएका छन्। वर्षायाम सुरु भएपछि रुकुमपूर्वका दर्जनौं सडक करिब ३ महिना बन्द रहेको थियो। गाउँपालिका अध्यक्ष आफैं फिल्डमा खटिएर काम गरिरहेको देख्दा आशा पलाएको नागरिकले बताएका छन्।

सडक सञ्चालनसँगै दुर्गम बस्तीमा उपभोग्य सामग्री, खाद्यान्न र औषधि ढुवानीमा नागरिकलाई सहज पालिकाले जनाएको छ। लामो समयसम्म सडक बन्द हुँदा व्यापारी र सामान्य नागरिक दुवै मारमा पर्ने भएकाले यसपालि पालिकाको सक्रियताले ठूलो राहत पुगेको जनाइएको छ। अध्यक्ष श्रेष्ठले आगामी दिनमा स्थायी समाधानका लागि मजबुत संरचना निर्माण र नियमित मर्मतलाई प्राथमिकतामा राखिने बताउनुभयो। सडक पुगेको देखाउनु मात्र होइन, त्यसलाई नियमित सञ्चालनमा राख्नु नै विकासको वास्तविक अर्थ भएको उल्लेख गर्नुभएको छ। भूमे गाउँपालिकाले यसअघि पनि स्वास्थ्य, शिक्षा र सिँचाइ क्षेत्रमा विभिन्न कार्यक्रम अघि सारेको छ। तर यातायात सुविधा सुचारु हुनु गाउँपालिका वासीको पहिलो प्राथमिकता रहेको भन्दै अध्यक्ष श्रेष्ठ स्वयं फिल्डमा खटिनु उहाँको सक्रिय नेतृत्वको उदाहरणका रूपमा देखिएको छ।

# प्राङ्गारिक उत्पादन र प्रमाणिकरणको लागि कृषक स्तर कार्यक्रम

❖ *कमल बिक*



रुकुम पूर्वको भूमे गाउँपालिकामा दुई वटावडामा प्राङ्गारिक उत्पादन तथा प्रमाणिकरणलाई लक्षित गरी कृषक स्तर अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। असोज ७ गते वडा नम्बर ९ चुन्वाङ र असोज ८ गते वडा नम्बर ८ भैसिलोटेमा सम्पन्न उक्त कार्यक्रमको आयोजना एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वी भाग तथा भूमे गाउँपालिका कृषि विकास शाखाले संयुक्त रूपमा गरिएको गाउँपालिकाको कृषक प्राविधिक विशाल पुनमगरले जानकारी दिनुभयो।

कार्यक्रममा सहभागी किसानहरूले विगत ४/५ वर्षदेखि कृषि गर्दै आए पनि उत्पादनलाई बजार नपाएको, रोगव्याधि र ज्ञानको कमीका कारण बाली नष्ट हुने समस्या रहेको गुनासो राखेका थिए। साथै कृषि सम्बन्धी तालिम र प्राविधिक सहयोगको माग गरेका गरेका छन्। भैसिलोटेमा भएको कार्यक्रममा कृषि अधिकृत थल बहादुर बस्नेतले सञ्चालन गर्नुभएको थियो भने प्रमुख डिल्लीराज पौडेलले किसानका समस्या समाधान गर्ने उपायसहित प्राङ्गारिक उत्पादन र प्रमाणिकरणका विभिन्न पक्षमा

मार्गदर्शन गर्ने बताउनुभएको छ। चुन्वाङमा आयोजित कार्यक्रममा प्रमुख पौडेलले "प्राङ्गारिक कृषि भनेको के हो ?" "किन आवश्यक छ?", "प्रमाणिकरण र बजारिकरण कसरी गर्ने?" लगायत विषयमा प्रशिक्षण दिनुभएको थियो। साथै आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समिति गठन, स्वीकृत समिति गठन, सर्वेक्षण फाराम संकलन, किसान निवेदन संकलन तथा प्राङ्गारिक उत्पादन र बजारिकरणबारे सचेतना फैलाउने विषयमा विस्तृत छलफल गरिएको हो। प्रमुख पौडेलका अनुसार रुकुम पूर्वलाई ४/५ वर्षअघि नै प्राङ्गारिक जिल्ला घोषणा गरिएको बताउनुभयो। किसानलाई प्राङ्गारिक उत्पादनतर्फ प्रोत्साहित गर्न तथा उत्पादनमा प्राङ्गारिक छाप (कायम गर्ने उद्देश्यले सो कार्यक्रम सुरु गरिएको बताउनुभयो। दुवै वडामा सम्पन्न कार्यक्रम किसानहरूको सक्रिय सहभागिता, प्रत्यक्ष संवाद गरिएको हो।

# रुकुमपूर्वमा चाडपर्व लक्षित छड्के चेकजाँच

## *सुरक्षामा कडाइ र कालोबजारी नियन्त्रणमा जोड*

❖ ***बालाराम शेर्पाली***

रुकुमपूर्व : चाडपर्व नजिकिँदै गर्दा सुरक्षालाई सुदृढ बनाउने र बजारमा हुने कालोबजारी नियन्त्रण गर्ने उद्देश्यले रुकुमपूर्वमा व्यापक छड्के चेकजाँच गरिएको छ। प्रमुख जिल्ला अधिकारी सीता परियारको नेतृत्वमा शनिबार गरिएको सो चेकजाँचमा जिल्ला प्रहरी कार्यालयका डीएसपी उमाशंकर प्रसाद यादव, सशस्त्र प्रहरीका डीएसपी संगीत भट्ट, अस्पताल सुपरिटेन्डेन्ट डा. कृष्ण खराल, नेपाल पत्रकार महासंघका पदाधिकारी, ट्राफिक प्रहरी तथा जिल्ला प्रशासनका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो।

चाडपर्व नजिकिँदा यात्रुको चाप बढ्ने, कालोबजारी हुने तथा अवाञ्छित गतिविधि बढ्ने सम्भावना रहने भएकाले जिल्ला प्रशासन कार्यालयले यसपटक सुरक्षामा कडाइ गर्ने विशेष अभियान सुरु गरेको हो। रुकुम पश्चिम र बागलुङबाट जिल्ल भित्रिने सवारीसाधनलाई रुकुमकोटदेखि सिस्ने गाउँपालिका–६ खोपिचारसम्म पर्ने मध्यपहाडी लोकमार्ग क्षेत्रमा प्रहरीले रोकथाम गरी विस्तृत चेकजाँच गरेको थियो।



वर्ष ७ अङ्क १०  २०८२ असोज १२ आईतबार

चेकजाँचका क्रममा सवारीसाधनको प्राविधिक कागजात, चालकको लाइसेन्स, यात्रु संख्यामा कानुनी पालना भएकोनभएको र सवारीसाधनमा बोकेको सामानको विवरणलाई विशेष ध्यान दिइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। सो क्रममा कतिपय सवारीसाधनमा सिट क्षमताभन्दा बढी यात्रु राखिएको पाइएपछि तुरुन्तै सचेत गराइएको र कानुनी प्रक्रिया अगाडि बढाइएको जानकारी दिइएको छ। प्रहरीका अनुसार चाडपर्वमा यात्रुको सहज आवागमन सुनिश्चित गर्न, दुर्घटनाका घटना कम गर्न तथा यात्रुहरूलाई असुविधा हुन नदिन यस्ता चेकजाँचलाई निरन्तर कडाइका साथ अघि बढाइनेछ। साथै, बजारमा आवश्यक वस्तुको आपूर्ति सहज बनाउन, कृत्रिम अभाव सिर्जना गर्ने र मूल्यवृद्धि गर्ने गतिविधिलाई रोक्न विशेष अनुगमनसमेत गर्ने तयारी गरिएको छ।

सिडिओ परियारले चाडपर्वको समयमा जनसुरक्षा, शान्ति–सुव्यवस्था र बजार व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रशासनले सुरक्षाकर्मी, प्रहरी, ट्राफिक प्रहरी तथा स्थानीय निकायबीच सहकार्यमा कार्यक्रम अघि बढाइने बताइन्। उनले यात्रु, व्यापारी तथा व्यवसायीलाई समेत कानुन र सुरक्षाप्रति जिम्मेवार बन्न आग्रह गरिन्।

जिल्ला प्रहरी कार्यालयका डीएसपी यादवले अवाञ्छित गतिविधि नियन्त्रण गर्ने, कालोबजारी रोक्ने र चाडपर्वमा सर्वसाधारणलाई सहजता प्रदान गर्ने उद्देश्यले चेकजाँचलाई नियमित र निरन्तर बनाइने उल्लेख गरे। उनका अनुसार, चाडपर्व जस्तो समयमा सुरक्षामा खटिने टोलीले अझ सतर्कता अपनाउनेछ। यसरी, चाडपर्व लक्षित सुरक्षात्मक कदम अन्तर्गत गरिएको छड्के चेकजाँचले यात्रु तथा स्थानीय नागरिकलाई सुरक्षाप्रति विश्वास दिलाउने र बजारमा हुने कालोबजारी नियन्त्रण गर्न ठोस प्रभाव पार्ने विश्वास लिइएको छ।

# विद्यालयमा नास्ता, किसानलाई अनुदान



❖ *कमल बिक*

रुकुमपूर्वको भूमे गाउँपालिका –३ मा केही वर्षयता विद्यालयका विद्यार्थी र स्थानीय किसानको जीवनशैलीमा सकारात्मक परिवर्तन देखिएको छ। यस परिवर्तनको पछाडि नेपाल सर्वाङ्गिण विकास समाज को निरन्तर पहल रहेको छ। २०७८ सालदेखि सक्रिय संस्थाले विद्यालयमा पौष्टिक नास्ता वितरणदेखि लिएर किसानलाई कृषि अनुदानसम्मको कार्यक्रम सञ्चालन गर्दै आएको छ। अहिले यो

अभियान गाउँकै चर्चित र अनुकरणीय बनेको छ। वडा नम्बर -३ को ४ वटा विद्यालय नमुना आधारभूत विद्यालय, तक्सार आधारभूत विद्यालय, शहिद शुक्र माध्यमिक विद्यालय र शहिद वासु स्मृती विद्यालयमा विद्यार्थीले हरेक दिन गुणस्तरीय नास्ता पाउने गरेका छन्। संस्थाले हप्तामा ६ दिन ६ किसिमका पौष्टिक परिकार उपलब्ध गराउँदै आएको हो। विद्यालयमा नास्ता पकाउनेलाई तालिमसहित मासिक तलबसमेत उपलब्ध गराउने गरिएको छ। यसले स्थानीय महिलालाई रोजगारी मात्र दिएको छैन, विद्यार्थीलाई स्वस्थ रहन र विद्यालयप्रति आकर्षित गर्न पनि मद्दत गरेको तक्सार आधारभूत विद्यालय प्रधानाध्यापक होमजङ राणा मगरले बताए।



यस्तै शहिद शुक्र माध्यमिक विद्यालयका प्रधानाध्यापक अनिल आचार्य अनुसार "नियमित खाजा कार्यक्रमका कारण विद्यार्थीको उपस्थितिमा उल्लेख्य वृद्धि भएको छ। साथै, किशोरीहरूको व्यक्तित्व विकास र विद्यालयमा आवश्यक सामग्री प्राप्त गर्दा पढाइमा थप उत्साह देखिएको छ। सन्तुलित भोजन नास्ताले विद्यार्थी स्वस्थ र नियमित बनेका छन्। विद्यालय पोशाकदेखि पिउने पानी धारा निर्माणसम्मका सहयोगले विद्यालयलाई ठुलो राहत पुगेको आचार्यले बताए। विद्यालयमा नास्ता मात्र नभई किशोरी सशक्तिकरणका कार्यक्रम पनि सञ्चालित छन्। प्रत्येक ६–६ महिनामा किशोरीलाई जीवनदक्षता तालिम, करेसाबारी बनाउन सिकाउने, शैक्षिक सामग्री वितरण गर्ने जस्ता कार्य हुँदै आएका छन्। सो संस्थामा कार्यरत कर्मचारी पुर्णबहादुर सुनार भन्छन्। किशोरीलाई किताब बोक्ने झोला, पोशाक, कापी, सरसफाइ सामग्री उपलब्ध गराएका छौं। यस वर्ष त ४ वटा विद्यालयका सम्पूर्ण विद्यार्थीलाई पोशाक वितरण गरियो।" यससँगै विद्यालयलाई साउन्डबक्स (स्पिकर) पनि उपलब्ध गराइएको छ, जसले विभिन्न शैक्षिक तथा सांस्कृतिक गतिविधिलाई सहज बनाएको छ। नेपाल सर्वाङ्गिण विकास समाजले गाउँका किसानलाई पनि आत्मनिर्भर बनाउन कृषि क्षेत्रमा थुप्रै कार्यक्रम सञ्चालन गरेको सुनारले बताए। २४ किसानलाई बुङ्गुरको खोर, ७४ किसानलाई बाख्राको खोर,६ किसानलाई कुखुराको खोर, ८३ किसानलाई फलामे टनेल र करिब २५ किसानलाई साधारण टनेल सँगै नर्सरी निर्माण, बिरुवा रोप्ने तरिका, कम्पोस्ट र झोल मल बनाउने तालिम समेत प्रदान गरिएको सुनारले बताए। बेला–बेलामा आवश्यक तालिम र बीउबिजन पाउँदा कृषि गर्ने उत्साह थपिएको छ। फलामे र साधारण टनेल पाएपछि तरकारी खेतीमा उत्पादन बढेको भूमे -३

क्याङ्सीका कृषक भान्देउ रोकाले खुसी हुदै बताए। बाख्राको खोर बनाउन जस्ता पाता सहयोग पाइयो। थपमा ४ जोडी बोयर जातका बाख्रा वडामा अनुदानमा आएको छ, जसबाट हामी किसान निकै प्रेरित भएका छौं बाख्रा पालक कृषक झुलप्रसाद गुरुङले भने। त्यस्तै, बुङ्गुर पालक कृषक जमुना पुनले खोर निर्माणका सामग्रीसँगै पाथा पाएको अनुभव सुनाइन्।

नेपाल सर्वाङ्गिण विकास समाजले यी कार्यक्रमहरू युएसएको सहयोगमा सञ्चालन गर्दै आएको हो। संस्था अहिले रुकुमपूर्व सँगै सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा समेत क्रियाशील रहेको छ।

# चाडपर्वलाई लक्षित गरी जिल्लामा बजार अनुगमन कसरी भइरहेको छ?

❖ *जीवन कुमार खड्का सहायक प्रमुख जिल्ला अधिकारी*

मानव स्वास्थ्य र उपभोक्ता अधिकार जिल्ला प्रशासन कार्यालयको प्रमुख दायित्वमै पर्छ र यसका लागि नियमित बजार अनुगमन गर्ने गरेका छौं। प्रत्येक जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई उपभोक्ता संरक्षण ऐनमा उल्लिखित निरिक्षण अधिकृतको अधिकार दिइएको हुन्छ। नेपालभरी नै चाडपर्वको समयमा बजार अनुगमनले प्राथमिकता एवम् तीव्रता पाएको पाइन्छ र हाम्रो जिल्लामा पनि। रुकुम (पूर्वी भाग) जिल्लामा उपभोक्ताको हित संरक्षण गर्न जिम्मेवारी प्राप्त निकाय प्रशासन कार्यालय मात्र भने होइन्। जिल्लाका तीन वटै स्थानीय तह, घरेलु तथा साना उद्योग विकास कार्यालयहरु पनि जिम्मेवारी प्राप्त निकाय हुन्। यस जिल्लामा यी सबै निकायहरुको सहभागितामा संयुक्त रुपमा बजार अनुगमन हुने गरेको छ र यो वर्ष पनि यसले निरन्तरता पाएको छ। चाडपर्वमा खाद्यान्नको बिक्रि वितरण अन्य समयको तुलनामा अधिक हुने र यसैको मौका छोपी केही विक्रेताहरुले म्याद गुज्रेका, मानव स्वास्थ्यका लागि हानिकारक वस्तुहरु बिक्रि गर्ने, मुल्य वृद्धि




गर्ने, नापतौलमा ठगी गर्ने जस्ता कार्यहरु गर्न सक्छन्। यसलाई दृष्टिगत गरी यस जिल्लामा हाल संयुक्त रुपमा बजार अनुगमन हुँदै आएको छ। असोज ७ र ८ गते सिस्ने गाउँपालिकाको रुकुमकोट बजारका अधिकांश खाद्यान्न विक्रेता हरुलाई अनुगमन गरिएको थियो। नतिजा सोचे भन्दा फरक आयो यहाँ म्याद गुज्रिएका वस्तुहरु अत्याधिक भेटिएका छन्।

यस क्रममा करिब रु १ लाख १० हजार बराबरको म्याद गुज्रिएका वस्तुहरु जफत गरि नष्ट गरिएको छ। यो हाम्रो सफलता होइन यो त व्यवसायिहरु नैतिकवान नभएको अवस्था हो। कोक, फ्यान्टा जस्ता पियपदार्थहरु, चामल, आटा, विस्कुट, मसला, चियापत्ती जस्ता बस्तुहरु म्याद नाघेका पाइएका छन्। यस जिल्लामा जागरुक उपभोक्ता न्यून छन् र जिम्मेवार व्यवसायी पनि। मुख्य गरी ठुला होलसेलरहरुले स-साना व्यापारीहरुलाई म्याद गुज्रिनै लागेका वस्तुहरु सस्तो मुल्यमा विक्रि गर्ने र स-साना व्यापारीहरुले उपभोक्ताहरुलाई विक्रि गर्ने गरेको देखियो।

वस्तुहरुको कृत्रिम अभाव त देखिएन तर मुल्य सूची नराख्ने, राखे पनि हालको मुल्य नराख्ने, व्यवसाय दर्ता नगर्ने, नियमित रुपमा नविकरण तथा करचुक्ता नगर्ने, प्रमाणित नापतौल यन्त्र प्रयोग नगर्ने जस्ता प्रवृत्ति भने पाइयो। यो आर्थिक वर्षमा हामीले म्याद नाघेका वस्तुहरु जफत गरी नष्ट गरी विक्रेतालाई कानुनी दायित्व सम्बन्धमा सचेत गराएका छौं। केही व्यवसायी सचेत पनि छन्। पटक पटक सचेत गराउदा पनि नसच्चिए उपभोक्ता संरक्षण ऐन बमोजिम कानुनी कारवाही गरिने छ।

विक्रेताले म पनि उपभोक्ता हुँ है भन्ने बोध गरेको पाइएन। यहाँ उपभोक्ता सचेतनाको धेरै आवश्यकता देखियो। हाम्रो उद्देश्य भनेको बजारलाई अनुशासित, नैतिक्तायुक्त र विश्वसनिय एवम् उपभोक्तामैत्री बनाउनु हो। बजार अनुगमनले ग्रामिण क्षेत्रका उपभोक्ताहरुलाई सम्भावित स्वास्थ्य जोखिमबाट जोगाउनुको साथै बजारमा अनुशासन कायम गर्ने सन्देश पनि पुगेको छ। प्रत्येक उपभोक्ताहरुले आफूले उपभोग गर्ने वस्तु गुणस्तर र स्वस्थकर छ छैन बुझेर मात्र खरिद गरौं र विक्रेतालाई प्रश्न गर्ने बानीको विकास गरौं। उपभोक्ता अधिकार मानव अधिकार हो सबैले सम्मान गरौं।

# मानसिक स्वास्थ्यमा मौनता र यसको कारण



❖ *गिता विश्वकर्मा*

नेपालमा मानिसहरूले मानसिक स्वास्थ्यका बारेमा खुलेर बोल्न अझै हिच्किचाउने गरेका छन्। शारीरिक स्वास्थ्य जस्तै मानसिक स्वास्थ्य पनि मानव जीवनको महत्त्वपूर्ण पक्ष भए तापनि यसबारे खुलेर कुरा गर्न समाज अझै तयार छैन। विशेषगरी नेपाली समाजमा मानसिक स्वास्थ्यलाई नकारात्मक दृष्टिकोणले हेर्ने प्रवृत्ति गहिरो जरा गाडेर बसेको छ। मानसिक स्वास्थ्य समस्यामा परेका व्यक्तिहरूलाई "पागल", "मेन्टल" जस्ता असभ्य र अमानवीय शब्द प्रयोग गरी जिस्काउने, गाली गर्ने, र

समाजमा अपहेलित गर्ने संस्कार अझै प्रचलनमा छ। यसले गर्दा प्रभावित व्यक्तिहरूमा लाज, अपमान र बहिष्कृत हुने भय पैदा हुन्छ। मानसिक स्वास्थ्य समस्या भएकालाई कमजोर वा लाजको विषय ठान्ने सोचले पनि उनीहरूलाई मौन रहन बाध्य बनाउँछ।

त्यसमा थप, मानसिक स्वास्थ्य सामान्य जीवनको एक हिस्सा हो भन्ने बुझाइको अभाव छ। धेरैलाई मानसिक समस्या भनेको "नदेखिने रोग" हो, त्यसैले महत्व नदिने प्रवृत्ति छ। गोपनीयता कायम नहुने डर, गलत व्यक्तिसँग समस्या साझा गर्दा बदनाम हुने आशंका, रोजगारी, विवाह वा भविष्यका अवसरमा प्रतिकूल असर पर्न सक्ने भयले पनि मानिसलाई यस विषयमा बोल्न रोक्छ।

यसका अतिरिक्त, धेरैले सहयोग नपाउने अनुभव गरेका छन्। समस्या सुनाउँदा गम्भीरतापूर्वक नलिने वा वास्तविक सहयोग नगर्ने अवस्था पनि रहँदै आएको छ। त्यसमाथि परिवार वा संस्कृतिको दबाबले "यस्ता कुरा बाहिर भन्नुहुन्न" भन्ने सोचलाई अझ गहिरो बनाएको छ। यी सबै कारणले गर्दा मानिसहरूले मानसिक स्वास्थ्यबारे खुलेर बोल्न डराउने गरेका छन्।

## सकारात्मक वातावरण बनाउन सकिने उपायहरू

मानसिक स्वास्थ्यबारे खुलेर बोल्ने वातावरण बनाउन विभिन्न तह र स्तरमा सामूहिक प्रयास आवश्यक छ। सचेतना अभिवृद्धि विद्यालय, कार्यलय तथा समुदायमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ। मानसिक स्वास्थ्य पनि शारीरिक स्वास्थ्य सरह महत्त्वपूर्ण हो भन्ने सन्देश फैलाउनुपर्छ। गोपनीयताको सुनिश्चितता मनोपरामर्श, उपचार र मनोविमर्श सेवामा गोपनीयता कायम गर्नुपर्छ। हेल्पलाइन वा अनलाइन परामर्श सेवा सहज उपलब्ध गराउन सकिन्छ, जसले मानिसलाई सुरक्षित महसुस गराउँछ।

सकारात्मक उदाहरण प्रस्तुत गर्नेसार्वजनिक व्यक्तित्व, सामुदायिक अगुवा वा समाजमा प्रभावशाली व्यक्तिहरूले आफ्ना अनुभव र दृष्टिकोण साझा गर्ने हो भने अरूलाई पनि सहज रूपमा बोल्ने हौसला मिल्छ। कानुनी र नीतिगत सहयोग कार्यस्थल, विद्यालय र सम्बन्धित संस्थाहरूमा मानसिक स्वास्थ्य अनुकूल नीति बनाउनुपर्छ। भेदभाव वा अपमानजनक व्यवहार विरुद्ध कानुनी सुरक्षा सुनिश्चित गर्न आवश्यक छ। हानुभूति र समर्थन मानसिक स्वास्थ्य समस्या शारीरिक रोग सरह उपचार गर्न सकिने कुरा बुझाउनुपर्छ।

पीडामा परेका व्यक्तिहरूलाई सुन्ने, समझदारी देखाउने र सहयोग गर्ने संस्कार विकास गर्नुपर्छ। मानसिक स्वास्थ्यबारे मौनता तोड्न व्यक्तिगत, पारिवारिक, सामुदायिक र संस्थागत सबै तहमा एकसाथ पहल गर्नु अपरिहार्य छसचेतना, गोपनीयता, संवाद, कानुनी सुरक्षा, सहानुभूति र समाजमा सकारात्मक सोचको विकास भए मात्र मानिसहरूले आफ्नो समस्या सहज रूपमा साझा गर्न सक्ने वातावरण तयार हुन्छ। मानसिक स्वास्थ्य समस्यालाई कमजोरी वा लाजको कुरा नभई सामान्य र उपचारयोग्य रोगका रूपमा बुझ्ने संस्कार विस्तार हुन सकेमा मात्र हाम्रो समाज यस विषयमा परिपक्व बन्न सक्छ।

# दशैं र अनुभूति



❖ *तिलक गौतम*

नेपालीहरुको महान पर्व बडा दशैं यतिवेला सबै नेपालीहरुको घर आँगनमा आईपुगेको छ। खासमा हिन्दु धर्मावलम्वीहरुले मनाउने पर्वको रुपमा भएपनि यो अहिले नेपालको राष्ट्रिय पर्वकै रुपमा स्थापित भएको छ। हर्षोल्लाषको पर्व,खुशी र उमङंगको पर्व एवम् सत्य र सहिष्णुताको पर्वको रुपमा स्वदेश र विदेशमा धुमधामसँग दशैं मनाइन्छ। दशैंको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको पारिवारिक मिलन हो।

स्वदेश वा विदेशमा जुनसुकै ठाउँमा रहेपनि दशैंको वेला एउटै थलोमा जम्मा हुनु र मान्यजनबाट टिका,जमरा र आशिर्वाद ग्रहण गर्नु यसको अनुपम विरासत हो। कामकाजको सिलसिलामा छुट्टिए पनि वर्षको एकदिन पारिवारिक मिलन बनाउने दशैं पर्व आफैमा एक महत्वपूर्ण निधी हो।

आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म ९ दिन नवदुर्गा भगवतिको पूजा अर्चना सहित यो पर्व मनाइन्छ। विधिपूर्वक घटस्थापना गरेदेखि पहिलो दिन शैलपुत्री देवी,दोस्रो दिन ब्रम्हचारीणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौ दिन स्कन्दमाता, छैठौं दिन कात्यायनी, सातौ दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धीदात्रीको पुजा गरी शक्तिको आराधना गरिन्छ। भगवतीले दानवमाथि र रामले रावणमाथि विजय हासिल गरेको दिनको सम्झनामा दशौं दिन आफुभन्दा ठूलाबाट रातो टिका र जमरा लगाउने र आशिर्वाद थाप्ने प्रचलन रहेको छ। असत्यमाथि सत्यको बिजयको रुपमा दशैं पर्व जुग जुगान्तर चलि रहने छ।

मानिसहरुको वदलिदों रहनसहन र प्रविधिको विकासले गर्दा होला अहिले दशैं पहिले भन्दा कतिपय कुराहरुमा फरक बन्दै गएकोजस्तो लाग्छ। दशैं मनाउने तरीका र दशैंलाई ग्रहण गर्ने तरीका अहिले अलिक साघुरीएका हुन की ? हुनत यो आ-आफ्नो बुझाई पनि हुन सक्छ तर पनि दशैंको रौनकता अहिले भन्दा हामी सानो हुँदा बढी उल्लासमय हुन्थ्यो जस्तो लाग्छ।

हामी कक्षा ४/५ मा पढ्दा होला,दशैंको शुरुवात विद्यालय रङगाउने कार्यबाट हुन्थ्यो। घटस्थापनासँगै करिव १ महिना विदा हुने भएकोले विदा अगावै हामी विद्यालयमा कमेरो छ्याप्थिम। विद्यालयमा ५ सम्म पढाइ हुने भएकोले ४/५ कक्षाका अलि ठूला विद्यार्थी कमेरो ल्याउन गैरीसाज वा कुरेपानी जान्थिम। विद्यालय छ्यापीसकेपछि छिप्रिदहमा

पखाल्लीन जानुको छुट्टै मजा हुन्थ्यो। छिप्रिदहमा डुवेर एकपटक झन्डै ज्यान गएको घटना मेरो मानस्पटलमा अहिलेपनि ताजै छ।

विद्यालयसँगै अव घर छ्याप्ने पालो हुन्थ्यो। हामी घरमा कहिलै कमेरो छ्याप्थिम त कहिलै पहेंलो माटो। झ्याल ढोका रङ्ग्याउने कालीमाटी ल्याउन धौलापहिरा जानु पर्थ्यो। पछि पछि रेडियो बजाएर सक्कीएका ब्याट्री फुटालेर पनि झ्याल रङ्गाउने काम हुन्थ्यो। घर छ्याप्ने कार्यले दशैं आइसकेको सङ्केत गर्थ्यो। अष्टमीका दिन भगवती मन्दिरमा मेला हुन्थ्यो। त्यो वर्षको पहिलो नयाँ लुगा त्यसै दिन लाइन्थ्यो। तर कहिलेकाही सिलाउन दिएको नयाँ लुगा ननिवाज्दिएर अष्टमी खल्लो हुन्थ्यो। लुगा सिलाई नदिउन्जेलसम्म हामी सिलाउने ठाउँमै पलेटी कस्थिम्। कहिलेकाही लुगा पाउन दशमीकै दिनसम्मै कुर्नु पर्थो। कहिले काही बुवा काठमाडौं गएको मौका पर्यो भने रेडीमेड लुगा पनि लाउन पाइन्थ्यो। जे होस् नयाँ लुगा लाउन दशैं आउनु पर्थ्यो। नयाँ लुगाले दशैंमा नया उमङ्ग थप्थ्यो।

उतीवेला अहिलेको जस्तो मासु फालाफाल हुँदैन थियो दशैंमा। हाम्रो परिवार ठूलो थियो। घरमा छुट्टै बोका काट्ने खासै प्रचलन थिएन। तथापि गाउँमा काटेको ठाउँबाट मासु ल्याइन्थ्यो। अहिलेको जस्तो प्रेसर कुकर थिएनन् त्यतीवेला। कसौडीमा पानी थपी थपी पकाको मासु खुव मिठो हुन्थ्यो। मासु पकाउँदा त्यसको बास्ना परपरसम्मै पुग्थ्यो। दशमीको दिन टिका लाउन हजुरवाको घरमा जम्मा हुनु पर्थ्यो। नयाँ लुगा लाएर टिका थाप्न जाँदा ज्यान अति फुरुङ्ग हुन्थ्यो।

अहिले यसो सम्झिन्छु वास्तविक दशैं त पहिले नै थियो। जव उमेर बढ्दै गयो ,दशैंको अनुभव पनि बदि्लदैं गयो। सानो छँदाको जस्तो उमङ्गता ठूलो भए पछि नहुँदो रहेछ शायद। अहिले दशैंमा तडकभडक बढेको छ। सकिनसकि घरघरमा बोका काट्ने होडबाजी जस्तै छ। हुने र नहुनेबीचमा तिक्तता देखाउने व्यवहार यो पर्वको नराम्रो पक्ष हो जस्तो लाग्छ। परम्परा र संस्कृतिको अभ्यास गर्दे गर्दा मानवता,सहिष्णुता,समता र हार्दिकतालाई कहिलै भुल्न हुँदैन। दशैं पारिवारिक मिलन,सौहार्दता र सामाजिक संवादको पर्व बन्नु पर्छ।

दशैं प्रत्येक वच्चाको जीवन्त अनुभूतिको अवसर बन्न सक्नु पर्छ। यतिवेला विद्यालय,कार्यालय,कलकारखाना र संस्थाहरु बन्दछन्। यो समयलाई विशेषगरी बालबालिकाहरुका लागि रचनात्मक र सामाजिक बनाउन सक्नु पर्छ। यस्तैबेला हो बालबालिकाहरुमा राष्ट्रियता,सहिष्णुता,समता,सामाजिकता,आदर सम्मान र संस्कृति प्रतिको सद्भाव विकास गर्ने।

दशैंका प्रत्येक अवयवहरुमा बालबालिकालाई जोडौं। दशैंको बारेमा निबन्ध लेख्ने,चित्र बनाउने,घरको सरसफाई गर्ने,सामाजिक जमघट्मा सहभागि बनाउने लगायतका कार्यबाट बाल बालिकाहरुलाई दशैंसँग प्रत्यक्ष रुपमा जोड्न सकिन्छ। दशैंलाई मस्ती गर्ने,खानेपिउने र कोठाभित्र चुकुल लगायर इन्टरनेटमा शयर गर्ने फुर्सदको रुपमा मात्रै लिनु हुँदैन। यो दशैं समस्त सबैका लागि उल्लासमय,सौहार्द,सहज र जीवन्त बन्न सकोस् ,हार्दिक मङ्गलमय शुभकामना।

# नेपालको शिक्षा प्रणाली : वर्तमान अवस्था, समस्या र भविष्यको आवश्यकता

❖ *बिशाल गिरी*



**नेपालको शैक्षिक अवस्था र प्रणाली :** नेपालमा शिक्षा प्रणाली संविधानअनुसार मौलिक हक कै रूपमा मानिन्छ। प्राथमिकदेखि माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिएको छ तर सरकारले नीति तथा कार्यक्रममा मात्रै सिमित बनाएको छ कार्यन्वयनमा लापरबाही वेवास्ता प्रसस्त छ। हाल साक्षरता दर ७६% भन्दा माथि पुगेको छ, विद्यालय भर्ना दर बढेको छ,विश्वविद्यालयहरूको संख्या बढेको छ, र शिक्षामा लैंगिक समानता पनि क्रमशः देखिन थालेको छ। तर, अझै पनि नेपालको शिक्षा प्रणालीमा थुप्रै कमी कमजोरीहरू विद्यमान छन्: निजी विद्यालय र सरकारी विद्यालयबीच ठूलो खाडल छ। ग्रामीण भेगमा अझै गुणस्तरीय शिक्षा पहुँच छैन। अझै पनि पाठ्यपुस्तक र परीक्षामुखी छ।

व्यावहारिक सीप, अनुसन्धान र सिर्जनात्मकतालाई पर्याप्त प्राथमिकता दिइएको छैन। कतिपय शिक्षक तालिम र आवश्यक स्रोत साधनबिना पढाउन बाध्य छन्। नियमित मूल्याङ्कन र पेशागत विकासमा कमजोरी छ। अनलाइन शिक्षा, कम्प्युटर र इन्टरनेट पहुँच शहरमा मात्र केन्द्रित छ, गाउँमा अझै कमजोर छ। पढाइ सकेपछि सीप अभावका कारण धेरै युवा बेरोजगार हुने वा विदेशिनुपर्ने अवस्था छ। समग्रमा नेपालको शिक्षा प्रणालीमा पहुँच विस्तार र नीतिगत सुधार भए पनि अझै गुणस्तरीय, सीपमुखी, प्रविधिमैत्री र समानतामूलक बनाउनुपर्ने आवश्यकता छ। शिक्षा प्रणालीलाई समयानुकूल परिमार्जन गर्न सके मात्र देशको समग्र विकास सम्भव हुन्छ।

**उच्च शिक्षा प्राप्त गरेपछि पनि बेरोजगारी र विदेशिने समस्याः** सामान्यतया मलाइ सधैं यहि प्रश्नले सोच्न बाध्य बनाउछ , के हामी साच्चै शिक्षित छौ ? यदि छौ भने बेरोजगार किन? र बिदेशप्रती आकर्षण बढ्दो के भएर ? यसको उत्तर दिनलाइ म कुनै बिज्ञ /दार्शनिक र बिचारक त होइन तर ब्यक्तिगत भोगाइ र अनुभवले यसको जवाफ खोज्ने प्रयास गरेको हो। माथिका प्रश्नको जवाफ दुइ कुराले दिन्छ।

- शैक्षिक प्रमाणपत्र हासिल गर्नु र शिक्षित हुनु /ज्ञान आर्जन गर्नुमा भिन्नता।
- औपचारिक शिक्षा पूरा गर्नु र व्यवहारिक सिपयुक्त शिक्षा पूरा गर्नुमा भिन्नता।

## के हो ? के छ ?भिन्नता :

शिक्षा हासिल गर्नु :-विद्यालय, कलेज वा विश्वविद्यालयमा पढेर प्रमाणपत्र (सर्टिफिकेट, डिग्री) प्राप्त गर्नु। यो औपचारिक प्रक्रिया हो, जसलाई अरूले सजिलै देख्न सक्छन्। उदाहरणः कसैले स्नातक वा स्नातकोत्तर पढेपछि शिक्षा हासिल गरेको भनिन्छ।

शिक्षित हुनु/ज्ञान आर्जन गर्नु :- प्राप्त ज्ञान, सीप र मूल्य–मान्यतालाई व्यवहारमा उतार्नु। सामाजिक चेतना, सदाचार, सहिष्णुता, जिम्मेवारी, व्यावहारिक ज्ञानको प्रयोग। प्रमाणपत्र नभए पनि सोच, आचरण र व्यवहारले मानिसलाई शिक्षित बनाउँछ।

अहिले हामी सामान्य मात्रै निवेदन लेख्नुपर्यो,लोकसेवा अथवा विभिन्न क्षेत्रमा खुलेका आबेदन फारम भर्नु पर्यो र केही योजना बनाउनु पर्यो भने मात्रै पनि हारगुहार गर्नुपर्छ। अङ्ग्रेजीमा स्नातकोत्तर गरेका भनिनेहरु अङ्ग्रेजीमा बोल्न आउदैन बरु ३/४ बर्ष बिदेश बसेर आएका ८ पास दाजुभाइहरु फरर कुराकानी गर्दछन।

हिसाब गर्नुपर्यो भने क्यालकुलेटर खोज्ने हामी घरमा १ नपढेको आमाले  औलामा हिसाब गर्नुहुन्छ भने आखिर हामी के आर्जन गरेका रहेछौ ? के पढेको रहेछौ ? हामी किताब पढेर रटेर परिक्षा पास त गरौला तर जिवनमा आउने परिक्षाहरु पार गर्न सक्दैनौ। हामी सरकारी परिक्षा पास गरेर हाकिम त बन्न सकौला तर मान्छे बन्न सक्दैनौ।

संक्षेपमा शिक्षा हासिल गर्नु कागजी योग्यता (degree, certificate) शिक्षित हुनु  व्यवहारिक चेतना, सदाचार र ज्ञानको सही प्रयोग भन्न मिल्छः शिक्षा कक्षामा सिकाइन्छ, तर शिक्षित हुनु जीवनमा देखाइन्छ। अब जाउ मैले खोजेको ,देखेको र भोगेको भन्दा नेपाली शिक्षा प्रणालीले उत्पन्न बेरोजगारी र विदेशिने मुख्य कारणहरू तर्फ

## शिक्षा र बजारको माग बिचको खाडल

पुरानो पाठ्यक्रमः विश्वविद्यालयका पाठ्यक्रमहरू समयसापेक्ष छैनन् र बजारको हालको माग तथा प्रविधिको विकासअनुसार अद्यावधिक भएका छैनन्। व्यावहारिक सीपको कमीः उच्च शिक्षा बढी सैद्धान्तिक (Theoretical) छ।

विद्यार्थीहरूले श्रम बजारमा आवश्यक पर्ने व्यावहारिक, प्राविधिक र नरम सीपहरू (Practical, Technical, and Soft Skills) पर्याप्त मात्रामा हासिल गर्न पाउँदैनन्। अनुसन्धान र नवीनताको अभावः नेपालका उच्च शिक्षण संस्थाहरूमा अनुसन्धान (Research) र नवीनता (Innovation) लाई प्रोत्साहन दिइँदैन, जसले गर्दा उद्यमशीलता (Entrepreneurship) को विकास हुन सकेको छैन। **पर्याप्त रोजगारीका अवसरको अभावः** सुस्त

औद्योगिक विकासः देशमा ठूला उद्योग, कारखाना र उत्पादनमूलक क्षेत्र को विकास सुस्त छ। यसले गर्दा उच्च शिक्षित जनशक्तिका लागि पर्याप्त मात्रामा गुणस्तरीय रोजगारी का अवसर सिर्जना हुन सकेका छैनन्।

सरकारी क्षेत्रमा सीमितताः सरकारी जागिरका अवसरहरू सीमित छन् र प्रतिस्पर्धा अत्यधिक छ। राजनीतिक अस्थिरता र नीतिगत अस्पष्टताः बारम्बारको राजनीतिक अस्थिरता र लगानीमैत्री नीतिको अभावले निजी क्षेत्र लाई ठूलो लगानी गर्न र रोजगारी सिर्जना गर्न निरुत्साहित गरेको छ।

**शैक्षिक गुणस्तर र योग्यताको अन्तर्राष्ट्रिय पहिचान :** गुणस्तरमा प्रश्नः नेपालका अधिकांश विश्वविद्यालय र कलेजहरूको शैक्षिक गुणस्तरको स्तर (Standard) अन्तर्राष्ट्रिय स्तरको छैन। यसले गर्दा प्राप्त डिग्रीको विश्वव्यापी मान्यता माथि प्रश्न उठ्छ। दक्षतामा कमीः उच्च शिक्षा प्राप्त गरेका भनिएका जनशक्तिमा पनि आवश्यक दक्षता र क्षमता को कमी देखिन्छ, जसले गर्दा उनीहरू विदेशी रोजगार बजारमा प्रतिस्पर्धा गर्न बाध्य हुन्छन्।

**सामाजिक र आर्थिक पक्षः** उच्च आयको अपेक्षाः उच्च शिक्षा हासिल गरेपछि युवाहरूमा आकर्षक तलब (High Salary) र राम्रो जीवनशैली को अपेक्षा हुन्छ। नेपालमा उपलब्ध तलब विदेशी अवसरको तुलनामा निकै कम हुने भएकाले युवाहरू विदेशतर्फ आकर्षित हुन्छन्। सुरक्षित भविष्यको खोजीः विदेशी भूमिमा राम्रो कामको अवसर, सुरक्षित भविष्य, उत्कृष्ट स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षाको खोजीमा युवाहरू पलायन हुन बाध्य भएका छन्। परिवारको दबाब र साथीहरूको प्रभावः विदेशमा राम्रो कमाइ गरिरहेका आफन्त र साथीहरूको देखासिकी र परिवारको आर्थिक अवस्था सुधार्ने दबाबले गर्दा पनि युवाहरू विदेशिने निर्णय गर्छन्। उच्च शिक्षा र रोजगारी बजारको संरचनात्मक समस्या, शैक्षिक गुणस्तरको कमी, र देशभित्र आकर्षक अवसरको अभाव नै नेपालमा उच्च शिक्षा पाएका युवाहरूको बेरोजगारी र विदेश पलायनका मुख्य कारणहरू हुन्।

**नेपाललाई आवश्यक शिक्षा :** नेपाललाई वर्तमान चुनौतीहरूको सामना गर्न र समृद्धिको मार्गमा अगाडि बढ्नका लागि व्यवहारमुखी (Practical) र गुणस्तरीय शिक्षाको खाँचो छ। नेपाललाई अहिले किताबी ज्ञान भन्दा बढी व्यावहारिक सीप दिने शिक्षा आवश्यक छ। प्राविधिक तथा व्यावसायिक शिक्षा लाई विद्यालय तहदेखि नै बलियो बनाइनुपर्छ। कृषि, पर्यटन, जलविद्युत्, सूचना प्रविधि (IT) र निर्माण जस्ता क्षेत्रमा तत्काल बजारको माग पूरा गर्न सक्ने गरी दक्ष जनशक्ति तयार गर्ने पाठ्यक्रम लागु गर्नुपर्छ। यसले गर्दा युवाहरू नोकरी खोज्ने भन्दा नोकरी दिने (Job Creators) उद्यमी बन्न सक्छन्। आलोचनात्मक सोच र समस्या समाधानमुखी शिक्षा परम्परागत कण्ठ पार्ने (Rote Learning) पद्धतिको अन्त्य गरी विद्यार्थीहरूमा आलोचनात्मक सोच (Critical Thinking), सिर्जनशीलता र समस्या समाधान गर्ने क्षमता विकास गर्ने शिक्षण विधि अपनाउनु आवश्यक छ। विद्यार्थीहरूलाई आफ्नो समाज र देशका चुनौतीहरूलाई बुझ्न र समाधानका लागि

नयाँ विचारहरू ल्याउन प्रेरित गरिनुपर्छ। **गुणस्तरमा समानता र समावेशी शिक्षा** : शिक्षाको गुणस्तरमा रहेको ठूलो असमानता हटाउनु जरुरी छ। सबै भौगोलिक क्षेत्र र आर्थिक अवस्थाका विद्यार्थीहरूले समान र गुणस्तरीय शिक्षा पाउनुपर्छ। महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका लागि शिक्षामा समान पहुँच सुनिश्चित गर्नुपर्छ। यसका लागि सामुदायिक विद्यालयको पूर्वाधार र शिक्षकको तालिममा ठूलो लगानी आवश्यक छ।

**नैतिक र नागरिक शिक्षा** : शिक्षाले केवल सीप मात्र होइन, असल नागरिक मूल्य र मान्यता पनि सिकाउनुपर्छ। इमान्दारिता, राष्ट्रियता, सहिष्णुता, सामाजिक उत्तरदायित्व र वातावरण संरक्षण जस्ता विषयहरूलाई पाठ्यक्रममा समावेश गरी विद्यार्थीहरूलाई जिम्मेवार र सचेत नागरिक बनाउनु आजको आवश्यकता हो। संक्षेपमा, नेपाललाई अबको पुस्तालाई देश विकासमा प्रत्यक्ष सहभागी गराउन सक्ने, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी र नैतिकवान नागरिक बनाउन सक्ने परिवर्तनकारी शिक्षा आवश्यक छ। नेपालको शिक्षा प्रणालीले हालसम्म साक्षरता र पहुँचमा प्रगति गरेको भए पनि गुणस्तर, व्यावहारिकता र रोजगारीसँगको सम्बन्धमा गम्भीर चुनौती छ। केवल डिग्री होइन, जीवनमा प्रयोग गर्न सकिने ज्ञान र सीप प्रदान गर्ने शिक्षा प्रणाली आवश्यक छ। शिक्षा नीतिलाई व्यवहारमा उतारी, सीपमूलक र परिवर्तनकारी शिक्षा कार्यान्वयन गर्न सक्ने हो भने मात्र बेरोजगारी र विदेश पलायन घटाउन सकिन्छ, र देशलाई समृद्धिको बाटोमा अघि बढाउन सकिन्छ।







